थाहानगरका पाँच अपाङ्ता भएका व्यक्तिलाई ह्विलचियर सहयोग । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय: थाहा नगरपालिका-४ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त


# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, अंक-३६ ● २०७९ चैत्र ०६ गते सोमबार, ● 20 March 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# समानीकरण बजेट १३ प्रतिशतले घट्यो




विकास संवाददाता
थाहानगर

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकारलाई पठाउने वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ । मकवानपुरका दश स्थानीय तहले यस वर्ष कुल १ अर्ब २२ करोड ६० लाख बजेट वित्तिय समानीकरण मार्फत पाएका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा मकवानपुरका पालिकाहरूले पाउने वित्तिय समानीकरण अनुदान १२.८३९ प्रतिशत अर्थात १८ करोड ६ लाख घटेर आउने भएको छ ।

वित्त आयोगले न्युनतम, सुत्रमा आधारित र कार्यसम्पादनमा आधारित भएर पालिकाहरूका लागि वित्तिय समानीकरण अनुदान सिफारिस गर्ने गर्दछ । यो बजेट स्थानीय पालिकाले आफूले बजेट बनाएर प्राथमिकताका आधारमा खर्च गर्न सक्छन् । मकवानपुर को एक मात्र उपमहानगरपालिका हेटौंडाले आर्थिक वर्ष २०८०/०८१ का लागि सबैभन्दा बढि ३१ करोड ४ लाख अनुदान पाएको छ भने दोस्रो धेरै थाहा नगर पालिकाले १२ करोड ४० लाख रूपियाँ मात्र पाएको छ । हेटौंडाले चालु आर्थिक वर्षको तुलनामा १३.१७५ अर्थात ४ करोड ७१ लाख कम र थाहानगरले १३.६४९ प्रतिशत अर्थात १ करोड ९६ लाख कम समानीकरण अनुदान पाएको हो ।

आगामि आर्थिक वर्षका लागि मकवानपुरको सबैभन्दा कम वित्तिय समानीकरण अनुदान इन्द्रसरोवर गाउँपालिकाले पाएको छ । इन्द्रसरोवरले ७ करोड २६ लाख मात्र अनुदान पाएको हो । इन्द्रसरोवरले पाएको यो अनुदान अघिल्लो वर्षको भन्दा १०.३७० प्रतिशत कम अर्थात ८४ लाख कम हो । त्यस्तै दोस्रो कम पाउनेमा कैलाश गाउँपालिका रहेको छ । कैलाशले आगामि वर्षका लागि ८ करोड ९२ लाख बजेट पाएको छ । यो बजेट अघिल्लो आर्थिक वर्षको भन्दा १२.३७७ अर्थात १ करोड २६ लाख कम अनुदान हो । मकवानपुरको राक्सिराङ गाउँपालिकाले आगामि आर्थिक वर्षका लागि ९ करोड ३५ लाख समानीकरण अनुदान पाएको छ । यो बजेट चालु आर्थिक वर्षको भन्दा १३.१८५ प्रतिशत अर्थात १ करोड ४२ लाख कम हो । मकवानपुरगढी गाउँपालिकाले ९ करोड ७४ लाख समानीकरण अनुदान पाएको छ । उसले चालु आर्थिक वर्षको भन्दा १२.९५८ प्रतिशत अर्थात १ करोड ४५ लाख कम अनुदान पाएको हो ।

त्यसैगरी जिल्लाको भिमफेदी गाउँपालिकाले आगामि आर्थिक वर्षका लागि ९ करोड ७७ लाख समानीकरण अनुदान पाएको छ । यो अनुदान चालु आर्थिक वर्षको तुलनामा १३.००१ प्रतिशत अर्थात १ करोड ४६ लाख कम हो । बागमती गाउँपालिकाले १० करोड ४३ लाख समानीकरण अनुदान पाएको छ । यो अनुदान चालु आर्थिक वर्षको तुलनामा १२.३५३ अर्थात १ करोड ४७ लाख कम हो । बकैया गाउँपालिकाले ११ करोड ६५ लाख अनुदान पाएको छ । यो अनुदान चालु आर्थिक वर्षको भन्दा १३.१२५ प्रतिशत १ करोड ७६ लाख कम हो भने मनहरी गाउँपालिकाले १२ करोड ४ लाख रूपियाँ अनुदान पाएको छ । यो अनुदान चालु आर्थिक वर्षको तुलनामा १२.५६४ अर्थात १ करोड ७३ लाख रूपियाँ कम हो ।

प्राकृतिक स्रोत तथा वित्त आयोगका अनुसार आर्थिक वर्ष २०८०/२०८१ का लागि कुल १ खर्ब ४६ अर्ब २ करोड ४ लाख रूपैयाँ पालिकालाई हस्तान्तरण हुनेछ । ७ सय ५३ स्थानीय तह मध्ये सबैभन्दा कम वित्तिय समानीकरण अनुदान पाउने पालिकाले ६ करोड ५० अनुदान पाउने आयोगले जनाएको छ । संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई कुल चार वटा अनुदान पठाउने गर्छ । जसमध्ये विना कुनै शर्त तल्लो सरकारले आफ्नो बजेट बनाएर खर्च गर्न सक्ने अनुदान नै वित्तीय समानीकरण अनुदान हो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले संघीय सरकारबाट प्राप्त भएको अनुदानको र कम जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्छ भनेको छ ।

वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो । संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोतको जोहो गर्न संघीय सरकारले यस्तो अनुदान तल्लो सरकारमा पठाउने गर्छ ।


यसैबीच राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८०/०८१ का लागि कार्यसम्पादनमा आधारित पालिकालाई पठाउने बजेट सिफारिस गरेको छ । वित्तिय समानीकरण अनुदान अन्तर्गत तीन किसिमको मापदण्ड मध्ये एउटा मापदण्ड कार्यसम्पादन पनि हो । यसका साथै आयोगले सुत्रमा आधारित र न्युनतम बजेट संलग्न गरी कुल वित्तिय समानीकरण अनुदान पालिकामा पठाउन सिफारिस गर्ने गर्दछ ।

***अघिल्लो आर्थिक वर्षको तुलनामा मकवानपुरका पालिकाहरुले पाउने वित्तिय समानीकरण अनुदान १२.८३९ प्रतिशत अर्थात १८ करोड ६ लाख घटेर आउने भएको छ ।***

आगामि आर्थिक वर्षमा मकवानपुर का स्थानीय तहहरू मध्ये सबैभन्दा बढि कार्यसम्पादनमा आधारित अनुदान हेटौंडा उपमहानगरपालिकाले पाउने भएको छ । हेटौंडाले ४८ लाख अनुदान पाउने भएको हो । त्यस्तै दोस्रो बकैया गाउँपालिकाले ४६ लाख, थाहा नगरपालिका र मकवानपुर गढी गाउँपालिकाले ४५/४५ लाख कार्यसम्पादनमा आधारित अनुदान पाउने भएका हुन् ।

त्यस्तै इन्द्रसरोवर गाउँपालिकाले ४४ लाख, मनहरीले ४३ लाख, बागमतीले ४२ लाख, कैलाशले ३९ लाख, भिमफेदीले ३८ लाख र सबैभन्दा कम राक्सिराङ गाउँपालिकाले ३६ लाख रूपियाँ कार्यसम्पादनमा आधारित अनुदान पाउने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनाएको छ ।

# थाहानगरको पाथीभरामा 'पानी पार्ने पूजा'



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ मा रहेको पाथीभरा लक्ष्मीश्वरी मन्दिरमा २९ फागुनमा जलधारा पूजा लगाइएको छ । लामो समयसम्मको खडेरी टार्न मन्दिर परिसरमा ब्राम्हणद्वारा होमसहित जलधारा पूजा लगाइएको हो । पाथीभरामा जलधारा पुजा लगाएपछि वर्षा हुने विश्वास छ ।

जलधारा पुजाकै अवसरमा मन्दिर प्रांगणमा राखिएको ६० किलो बराबरको त्रिशुल र ९० किलो बराबरको घण्टको प्राण प्रतिष्ठासहित पूजा गरिएको मन्दिर संरक्षण समितिका अध्यक्ष माधव कार्कीले बताए । पूजामा मन्दिरका लागि सहयोग गर्ने दाताहरूलाई सम्मान गरिएको अध्यक्ष कार्कीले बताए ।

पाथीभरामा प्रत्येक वर्ष दीपावलीको अवसरमा लक्ष्मीपूजाको दिन, साउने सोमबार तथा अन्य बेलामा समेत नियमित पूजाआजा हुँदै आएको छ । स्थानीयहरूले पाथीभरा महादेव र पालुङ्का नेवार समुदायले यस मन्दिरलाई लक्ष्मीश्वरी महादेवका रूपमा पुज्ने गर्दछन् । उनीहरू प्रत्येक वर्ष घरमा दीपावली गर्दा पहिले यहि मन्दिरमा गरिएको दीप प्रज्वलन ननिभाई घरघरमा प्रवेश गराएपछि मात्र दीपावली गर्ने ऐतिहाासिक चलन छ ।

पाथीभरा क्षेत्रलाई धार्मिक पर्यटनका रूपमा विकास गर्नका लागि मन्दिर संरक्षण समितिले विस्तृत परियोजना प्रस्ताव तयार गरी एकीकृत रूपमा विकास गर्ने योजना रहेको अध्यक्ष कार्कीले जानकारी दिए ।



## • सम्पादकीय •

# बीमा सेवा विस्तार गर्ने अवसर

नेपाल बीमा प्राधिकरणले बीमकको शाखा कार्यालयसम्बन्धी निर्देशिका २०७९ जारी गरी नेपाली कम्पनीलाई विदेशमा शाखा खोल्न दिने नीति लिएको छ । व्यवसाय विस्तारका लागि नेपाली कम्पनीले पनि विदेशमा व्यवसाय गर्न पाउनुपर्छ भन्ने आवाज उठ्दै आएको थियो । यसलाई अहिले प्राधिकरणले बाटो खुलाइदिएको छ । निर्देशिका अनुसार बीमकले प्राधिकरणको पूर्वसहमति लिई विदेशमा आफ्नो शाखा. सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्न सक्नेछन् । प्राधिकरणले तोकेको शर्त पूरा गर्न भने आवश्यक छ । यसले नेपाली बीमा कम्पनीलाई मुलुकबाहिरको बजार खोज्न सहजीकरण गरिदिने देखिन्छ । सरकारले विदेशमा कम्पनीको शाखा खोल्न स्वीकृति दिएपछि बीमा कम्पनीहरूले अवसरका रूपमा लिनुपर्छ । किनकि, यसले बीमा कम्पनीलाई व्यवसाय बढाउन सघाउँछ । हुन त नेपालभित्रै पनि बीमा कम्पनीका लागि व्यवसाय गर्ने ठाउँ नभएको होइन । अझै पनि ठूलो जनसंख्याले बीमा गराएको पाइँदैन । नयाँ व्यवस्थाले बीमा कम्पनीहरूले विदेशमा शाखा वा सम्पर्क कार्यालय खोली आफ्नो व्यवसाय विस्तार गर्न सक्छन् । बीमा व्यवसाय विस्तार विदेशी मुद्रा आर्जन गर्ने गतिलो माध्यम बन्न सक्छ ।

अहिले नेपालले विदेशी मुद्रा आर्जन गर्ने भनिएका क्षेत्रबाट धेरै लाभ हुन सकेको छैन । जलस्रोतको अपार सम्भावना भए पनि व्यवसाय भारत र बंगलादेशसँग सीमित हुन सक्छ । कृषिमा भ्यालू एड नगरी लाभ लिन सकिँदैन । पर्यटनले पनि गति समात्न सकेको छैन । यस्तो अवस्थामा फाइनान्सियल सर्भिस लाभका लागि प्रभावकारी हुन सक्छ । कतिपय मुलुकले वित्तीय सेवा प्रदान गरेर आर्थिक गतिविधिको केन्द्रका रूपमा आफूलाई उभ्याउन सफलता प्राप्त गरेका छन् । नेपालले पनि आफूलाई वित्तीय सेवा केन्द्र बनाउन पहल गर्नु आवश्यक छ । स्वीट्जरल्यान्ड, सिंगापुर, हङकङ आदि क्षेत्र विश्व वित्तीय केन्द्र बन्न सक्नुको कारण आफूलाई वित्तीय केन्द्रका रूपमा उभ्याउन सक्नु हो । नेपालले बैंक तथा बीमाक्षेत्रले विदेशमा शाखा खोल्न पाउने व्यवस्था गरेर यस्तो केन्द्र बन्नका लागि पहल शुरू गरेको देखिन्छ । तर, यस्तो कार्यक्रमले मात्रै लक्ष्य प्राप्त हुन सक्दैन । अहिले नेपालका बीमा कम्पनीहरू धमाधम मर्जरमा जाँदै छन् । यसले गर्दा कम्पनीको आकार मात्र बढ्दैन, बजार पनि बढ्छ । यसले बीमा कम्पनीहरूलाई बलियो बनाउँदै छ । पूँजी बढेपछि व्यवसाय विस्तार गर्नुपर्ने बाध्यता पनि कम्पनीहरूमाथि आइपर्छ । त्यसो हुँदा नेपाली कम्पनीलाई विदेशमा शाखा खोल्न दिनु उपयुक्त हो ।

विश्व वित्तीय बजारमा बीमा कम्पनीहरुले आफूलाई चिनाउने हो भने यहाँ काम गर्ने सहज वातावरण बनाइनुपर्छ । आफूलाई अब्बल बनाउन सके भने त्यस्ता कम्पनीको बाह्य यात्रा पनि सफल हुन्छ । त्यसैले तिनलाई सबल बनाउन आवश्यक सहयोग पनि गरिनुपर्छ । तालीम, जनशक्ति, प्रविधिको उपयोग र विश्व वित्त बजारमा आएका नवीनतम अभ्यासलाई अपनाएर विश्वको बीमाको केही अंश लिन सकिन्छ । त्यसैले यसका लागि अब बीमा कम्पनीहरूले गम्भीर भएर लाग्ने बेला आएको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पानीको बढ्दो खाँचो



◆ विश्वनाथ खरेल

**खानेपानीको समस्या समाधान नहुनुमा राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी र वातावरणीय विषय पनि कारकका रुपमा रहेको अवस्था छ ।**

नेपालले सन् २००९ देखि जल सप्ताह मनाउँदै आएको हो । यस वर्षको सप्ताहमा बढ्दो पानीको मात्रालाई सम्बोधन गर्ने तथा सेवा पुर्याउन देखिएका चुनौतीहरूको व्यवस्थापन सहकार्यका लागि सचेतना फैलाउने कार्य गर्ने जानकारी जल तथा ऊर्जा आयोगले जनाएको छ । यसरी सहरी क्षेत्रका पानीजन्य समस्या तथा जलस्रोतहरूको दिगो व्यवस्थापनका लागि सरोकार वालाहरूसँग अन्तरक्रिया गर्ने, पानीको व्यवस्थापक, विद्यमान नीतिहरूमा संशोधन तथा आवश्यक नीति निर्माणका लागि पहल गर्नेलगायतका कार्यक्रमहरू रहेका छन् । जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न, जल प्रदूषणलाई रोक्न र प्रदूषणले गर्दा खाद्य सुरक्षामा परेको असरबारे पनि सरोकारवालहरूलाई सचेतना जगाउने कार्यक्रमहरू वर्षभरि गर्नेतर्फ आयोगले सोचिरहेको पनि बताइयो ।

कार्यक्रमअनुसार उपत्यकाभरिका ढुंगेधाराको संरक्षण र संवर्द्धन गर्न समितिको गठन गरिने, काठमाडौं उपत्यकाको भूमिगत पानीको स्रोतको अवस्था, चुनौती तथा संरक्षणसम्बन्धी सम्मेलन आयोजना गरिने भएका छन् । पञ्च तत्वमध्येको एक पानी सबै जीव र वनस्पतिका लागि आवश्यक मानिन्छ । पानी भएकै स्थानमा जीवन सम्भव हुन्छ । पानी नभएको स्थानमा जीवन सम्भव छैन । यसैले पानी नै जीवन हो भन्ने गरिन्छ ।

जीव र वनस्पतिका लागि जन्ममात्र पर्याप्त हुँदैन, बाँच्नका लागि स्वच्छ पानी आवश्यक पर्छ । पिउने पानी स्वच्छ र सुरक्षित भयो भने ८० प्रतिशत रोग नै लाग्दैनन् भनिन्छ । पृथ्वीको दुईतिहाइ भाग पानीले ढाकेको छ । तर, सबै पानी पिउन योग्य छैन । समुद्र र महासागरको पानी नुनिलो छ, जसले पृथ्वीको ९७.५ प्रतिशत भाग ओगटेको छ । २.५ प्रतिशत पानी मात्र ताजा, स्वच्छ र पिउनका लागि योग्य छ । यसमध्येको ठूलो अंश अर्थात् १.७२ प्रतिशत पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवमा हिउँको रूपमा रहेको छ, जुन ०.७४ प्रतिशत भूमिगत स्रोतका रूपमा जमिनमुनि रहेको छ ।

जमिनको सतहमा रहेको ०.०४ प्रतिशत पानीमात्र मानवका लागि पिउन योग्य छ । यसरी पानीको महत्व र आवश्यकतालाई दृष्टिगत गर्दै देशको संविधानले स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक प्रदान गरेको छ । साथै, संविधानले वातावरण संरक्षण र प्राकृतिक स्रोतको उचित, न्यायपूर्ण र दिगो व्यवस्थापनमा व्यक्तिको भूमिकालाई जोड दिँदै मौलिक कर्तव्यको एक अङ्गका रूपमा व्यवस्था गरेको छ । यसैगरी पानीको अधिकारको अवधारणामा मुख्य गरेर पानीको छेउमा रहेको जमिनको व्यक्तिगत स्वामित्व वा पानी वा भूमिगत पानीमा व्यक्तिको वास्तविक उपयोगबाट सिर्जना हुने अधिकारलाई नै यस प्रणालीको अवलम्बन गर्ने देशहरूले स्वीकार गरेको अवस्था रहेको पाइन्छ ।

यस्ता राष्ट्रहरूमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, बेलायत, क्यानडा तथा अन्य थुप्रै देश छन् । अतः मुलुकमा पानीसम्बन्धी धेरै समस्या तथा चुनौती छन् । यसको मूल कारणमा राष्ट्रिय बहसमा पानीको कम प्राथमिकता, पानीको विभिन्न पक्षमा संघ, प्रदेश र स्थानीय सरकारको संलग्नता तथा समन्वयमा कमी, अपर्याप्त आर्थिक विनियोजन, स्रोतसाधनको सदुपयोगमा कम महत्व दिनुजस्ता पक्ष रहेका छन् । तथापि खानेपानीको समस्यालाई न्यून गर्ने कुनै सरल उत्तर छैन । यसरी एकातिर हेर्ने हो भने राष्ट्रले उपलब्ध पानीको थोरै अंश मात्रै प्रयोग गरेको छ र त्यसको माग बढ्दै गएको छ तथा आगामी दिनमा अरू बढ्दै जानेछ ।

यसैगरी प्रत्येक नागरिकको सुरक्षित खानेपानीमा समान पहुँच नरहेको अवस्था छ, तर यसो हुनुमा देशमा जलस्रोतको अभावले होइन, नेपाल खानेपानी संस्थानजस्ता कमजोर संस्थाले खानेपानीसम्बन्धी समस्यालाई व्यवस्थित रूपमा समाधान गर्न नसक्नु नै मूल कारण हो । हुन त नेपालमा खानेपानी सेवाको व्यवस्थित सुरूवात वि.सं. १९४८ मा वीर धाराबाट भएको र पहिलो पञ्चवर्षीय योजना वि.सं. २०१३ देखि खानेपानीलाई योजनाबद्ध रूपमा सम्बोधन गरिँदै आएको पाइन्छ । यसैगरी खानेपानीको समस्या समाधान नहुनुमा राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी र वातावरणीय विषय पनि कारकका रूपमा रहेको अवस्था छ ।

यसका अतिरिक्त जीविकोपार्जनजस्ता नवउदारवादी दर्शनसँग सम्बन्धित बाह्य कारकबाट उत्पन्न अनिश्चितताका कारणले पानीको अधिकार जटिल र परिवर्तनको विषय बनाएको छ । हुन त विगतमा मुलुकी ऐनमार्फत भूमि अधिकार अन्तर्गत परम्परागत पानीसम्बन्धी अधिकारलाई समावेश गरियो तर वर्तमान अवस्थामा राजनीतिक, आर्थिक र सामाजिक सम्बन्धसँग जोडिएको नेपालको संविधान र अन्य सम्बन्धित कानुनले पनि पानीको अधिकारलाई वैधानिकता दिएको छ ।

नेपालले खानेपानीको अधिकार सम्बन्धी थप क्षेत्रगत कानुनलाई अङ्गीकृत गरी तीनै तहका सरकारका विभिन्न निकायलगायत तीनै तहमा सुशासनमार्फत अन्तरसम्बन्ध, सहकार्य र समन्वय गरी विद्यमान अवरोधको सामना गर्नुपर्ने आवश्यकता छ । अर्कातर्फ नेपाललाई जलस्रोतका हिसाबले विश्वकै धनी देशका रूपमा चिनिन्छ । उदाहरणका लागि हिमनदी, नदी, हिमाली हिमपात, खोला, ताल, पोखरी, सिमसारजस्ता कुरामा नेपाल धेरै धनी छ । तसर्थ हामीले उचित व्यवस्थापन गरेमा पानीमा पर्याप्त आत्मनिर्भर हुन गई विदेशमा समेत स्वच्छ खानेपानी निर्यात गरी आर्थिक लाभ लिन सक्ने अवस्था नेपालको छ तर परि स्थिति फरक हुँदै आएको छ । किनभने अहिले मानव गतिविधिका कारण हुने प्रदूषणले धेरै हदसम्म पानी उपभोग गर्न नसक्ने अवस्थामा पुगेको छ ।

पानी जीवनसँग प्रत्यक्ष सम्बन्धित छ । पानीबिनाको जीवन कल्पना गर्न पनि सकिँदैन । अझै पनि करोडौं जनता सुरक्षित पानीको अभावमा बाँच्न बाध्य छन् । जनतालाई यी सुविधा प्रदान गर्न समितिले स्थापनाकालदेखि हालसम्म सुरक्षित खानेपानीको क्षेत्रमा २१.४३ प्रतिशत र सरसफाइको क्षेत्रमा १८.२१ प्रतिशत योगदान पुर्याएको छ । अतः काठमाडौंमा मात्र प्रत्येक वर्ष १० हजार घर बनिरहेको अनुमान छ । यही हिसाबमा घर बनिरहेमा आगामी ३५ वर्षभित्र काठमाडौं महानगरपालिकाभित्रका सबै भूभाग घरैघरले ढाक्नेछ ।

केन्द्रीय तथ्यांक विभागका अनुसार, काठमाडौं जिल्लाको क्षेत्रफल ३ सय ९५ वर्गकिमि छ । राजधानीको मुख्य सहर काठमाडौंमा खानेपानीको समस्या झन् जटिल हुँदै गएको छ । यहाँको दैनिक खानेपानीको माग ४३ करोड लिटर छ । यसरी प्रत्येक वर्ष मागमा १० प्रतिशतका हिसाबले वृद्धि हुने गरेको छ । हाल दैनिक १० करोड लिटर मात्र आपूर्ति भइरहेको अनुमान छ । यहाँ वर्षायाममा १५ करोड लिटर भए तापनि हाल आएर १० करोड लिटरमात्र पानी आपूर्ति भएको कुरा सम्बन्धित क्षेत्रको दाबी रहेको पाइन्छ ।

यसरी उपलब्ध गरिएको पानीमध्ये ६ करोड लिटर सतह स्रोतबाट र ४ करोड लिटर जमिन मुनिबाट निकालिएको छ, जसमा लगभग ४० प्रतिशत चुहावटबाटै खेर गई सवा २ करोड लिटर जति मात्र पर्न आउँछ । काठमाडौंमा रहेका रिजर्भ्वायर हरूको क्षमता सबैभन्दा बढी चाबहिल रिजर्भ्वायरहरूको क्षमता ८५ लाख लिटर, बालाजु ३६ लाख लिटर, बाँसबारी २० लाख लिटर, सुन्दरीघाट ८ लाख लिटर रहेको छ । काठमाडौंमा प्रत्येक वर्ष ४/५ हजार नयाँ धाराहरू थपिने गरेका छन् । यहाँका जनता कोट्कु र मेलम्ची आयोजनाहरूको प्रतीक्षामा नै लालायित छन् ।

सहरी विकास मन्त्रालयको तथ्यांकअनुसार १ लाख ८० हजार निजी र १ हजार १ सय ९६ वटा सार्वजनिक धाराबाट करिब २६ लाख उपभोक्ताले खानेपानी उपभोग गरिरहेका छन् । यो कार्यका लागि केयूकेएलले ३५ वटा सतह स्रोत, ५९ वटा ट्युबवेलबाट पानी ल्याई २१ वटा खानेपानी प्रशोधन केन्द्रमार्फत हाल वितरण गर्दै आएको छ । सन् २०२३ सम्म उपत्यकामा खानेपानीको माग दैनिक ४३ करोड लिटर पुग्नेछ भने मेलम्चीसमेत गरी आपूर्ति भने हिउँदयाममा ३० करोड लिटर मात्रै हुनेछ । त्यसैले मेलम्चीअन्तर्गत दोस्रो चरणमा यांग्री र तेस्रो चरणमा लार्केबाट दैनिक १७/१७ करोड लिटर आएपछि मात्रै उपत्यकामा खानेपानी समस्याको दीर्घकालीन समाधान सम्भव हुने सम्बन्धित क्षेत्रको दाबी रहेको बुझिन्छ ।

यसर्थ बढ्दो जनभारले गर्दा हराभरा भएका वनजंगलहरूको नाश एकातिर हुँदै छ भने अर्कातिर कृषियोग्य भूमिको ह्रास बढ्दै छ । विकसित देशहरूमा पनि पानीको दुरूपयोग एवं पाइपलाइनमा चुहावट नभएको होइन, जुन लगभग २० देखि ३० प्रतिशतसम्म भएको पाइन्छ । तर, नेपालमा यस किसिमको चुहावट ४० प्रतिशत हुने अनुमान छ । यस्ता समस्या समाधानका लागि वैकल्पिक उपायहरू अपनाउनुपर्ने हुन्छ ।

# मांसपेशी च्यातिने ८ कारण

सामान्य कारणले मांसपेशी च्यातिन (मसल्स टियर) सक्छ । तर यसकै कारण ठूलो सास्ती खेप्नुपर्ने हुन्छ । उठ्दा, बस्दा, काम गर्दा, खेल्दा, उफ्रिंदा अनायासै मांसपेशी च्यातिन सक्छ । यसले मान्छेलाई नराम्ररी थला पार्छ । पूर्णतया निको हुन लामै समय लाग्न सक्छ ।



### किन र कसरी हुन्छ ?

हाम्रो शरीरमा ४५ प्रतिशत भाग मासु अर्थात् मांसपेशीले ओगटेको हुन्छ । यो एकदमै नरम कोष हो, जो पत्रपत्रमा रहेको हुन्छ । यसमा एकअर्कालाई जोड्ने रेसाहरू हुन्छन्, जो तन्किने, खुम्चिने क्षमताका हुन्छन् । तर कहिलेकाहीं यस्ता शारीरिक गतिविधि गर्न पुग्छौं, जसले उक्त मांसपेशी नै च्यातिन सक्छ ।

शरीरको आसन नमिलेर कुनै एउटा भागमा दबाब पुगेर मांसपेशी च्यातिन सक्छ । यसलाई बुँदागत रूपमा पनि यसरी भन्न सकिन्छ ।

१. गह्रौं भारी उचाल्दा
२. वार्मअप बिना नै कडा व्यायाम गर्दा
३. बसाइको आसन नमिल्दा
४. दौडिंदा वा उफ्रिंदा
५. मोटोपन नियन्त्रण नहुँदा
६. खानपान नमिल्दा र पर्याप्त निद्रा नलिंदा
७. दुर्घटनाको कारण
८. गर्भावस्थामा हार्मोनको गडबडी

गह्रौं भारी उठाउँदा, उफ्रिंदा, धेरै तन्किंदा, व्यायाम गर्दा, दौडिंदा, खेल्दा हाम्रो शरीरको आसन जब मिल्दैन, तब मांसपेशी च्यातिन सक्छ । मोटोपनको कारण शारीरिक भार बढी हुन्छ, जसले मांसपेशी च्यातिने जोखिम बढी हुन्छ । यसैगरी सही खानपान र पर्याप्त निद्रा नलिएको व्यक्तिको पनि मांसपेशी कमजोर भएर च्यातिन सक्छ ।

### कुन भागको मांसपेशी च्यातिन्छ ?

खासगरी पिंडुलाको मांसपेशी च्यातिने जोखिम बढी हुन्छ । यसैगरी हात र ढाडको मांसपेशी पनि च्यातिन सक्छ ।

जिम गर्ने, खेल खेल्ने, उफ्रिने व्यक्तिको खुट्टाको पिंडुलामा यस्तो समस्या हुन सक्छ । यसैगरी गह्रौं भारी उठाउने, सामान उचाल्ने, कुर्सीमा बस्दा आसन नमिल्ने कारण ढाडको मांसपेशी च्यातिन सक्छ । यसैगरी पाखुराको मासु च्यातिन सक्छ ।

### मांसपेशी च्यातिएको कसरी थाहा हुन्छ ?

चिकित्सकले मांसपेशी च्यातिनुलाई तीन भागमा वर्गीकरण गरेको छ, सामान्य, मध्यम र कडा खालको ।

**सामान्य :** यसमा मांसपेशी हल्का दुखेको मात्र हुन्छ र मांसपेशीले काम गरिरहेको हुन्छ ।

**मध्यम :** यसमा मांसपेशी दुख्ने, सुन्निने र कहिलेकाहीं रगत जमेको जस्तो रातो हुन्छ । र, मांसपेशीले भने जस्तो काम गरेको हुँदैन ।

**कडा :** यसमा एकदम सुन्निने, दुख्ने रातो हुनुको साथसाथै मांसपेशीले काम गर्न छाड्छ । यसमा मांसपेशी च्यातिएको भाग गहिरो देखिन्छ । यसबाहेक भिडियो एक्स–रे र एमआरआई गरेर पनि मांसपेशी च्यातिएको स्पष्टसँग थाहा पाउन सकिन्छ ।

### शल्यक्रिया गर्नुपर्छ कि औषधिले निको हुन्छ ?

सामान्य र मध्यममा औषधि खाएर निको हुन्छ भने कडा मांसपेशी च्यातिएको छ भने शल्यक्रिया नै गर्नुपर्छ । सामान्य वा मध्यम हो भने मांसपेशीलाई आराम गराएर, कपडामा आइस बेरेर सेक्ने, इलास्टिक ब्यान्डेजले बाँध्ने, नदुख्ने औषधि २–३ दिन सेवन गरेपछि सुधार हुन थाल्छ । मासु च्यातिएको सामान्य भए कम्तीमा तीन हप्तामा निको हुन्छ भने मध्यम भए तीन महिनासम्ममा निको हुन्छ । त्यस्तै कडामा भने मासु धेरै च्यातिएको हुन्छ र औषधिले निको बनाउँदैन । यसलाई शल्यक्रियाबाट मात्र निको पार्न सकिन्छ ।

### शल्यक्रिया गर्न कति खर्च ?

शल्यक्रियाका लागि यति नै पर्छ भन्न सकिंदैन । यसमा पनि कुन भागको मांसपेशी च्यातिएको हो, कति च्यातिएको, कहिले च्यातिएको हो भन्ने कुरामा भर पर्छ । सामान्यतया सरकारी अस्पतालमा १० हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म खर्च लाग्न सक्छ ।

# टिटानस कसरी हुन्छ

क्लोस्ट्रिडियम टिटानी नामको जीवाणु घाउचोटका कारण मानिसको शरीरभित्र प्रवेश गरेपछि हुने संक्रमण टिटानस हो । यसलाई नेपालीमा धनुष्टंकार रोग भन्ने गरिएको छ । यसको जीवाणु मानिस तथा पशुचौपायाको गोबर, फोहोर, हिलोमा पाइन्छ ।

यो रोग लागेपछि मानिसको शरीर धनु भैँ तन्किने, बांगिने भएकाले यसलाई धनुष्टंकार भनिने गरिएको हो । टिटानस सरूवा रोग भने होइन । टिटानसका जीवाणु शरीरभित्र वर्षौंसम्म बाँचिरहन सक्छन् । यसले उत्पादन गर्ने टिटानोस्पाज्मिन पदार्थले हाम्रो स्नायु प्रणाली, मस्तिष्क र मांसपेशीमाथि नराम्रो असर पार्ने देखिन्छ । यी कीटाणुलाई २० मिनेटसम्म पानीमा उमाल्दा पनि मर्दैनन् । घाउचोटको माध्यमबाट शरीरभित्र प्रवेश गरेपछि कीटाणु सक्रिय हुन थाल्छन् ।

टिटानस जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि हुन सक्छ । खासगरी बच्चा र वयस्कमा यो बढी देखिन्छ । बच्चाहरू खेल खेल्दा धेरै घाउचोट लाग्ने हुँदा त्यसैमार्फत क्लोस्ट्रिडियम टिटानी ब्याक्टेरिया शरीरभित्र प्रवेश गर्ने हुन्छ । वयस्कहरू कामकाजमा बढी सक्रिय हुने क्रममा घाउचोट लाग्न सक्छ । त्यसैले यो उमेर समूहलाई टिटानस बढी हुने सम्भावना हुन्छ ।

नेपालमा पछिल्लो समय टिटानस संक्रमण दर कम भएको छ । भूकम्पको समयमा यसको खोप लगाउने बढेका थिए भने हिजोआज फाट्टफुट्ट मात्रै देखिन्छन् ।

### टिटानसका लक्षण

टिटानसका जीवाणु शरीरभित्र प्रवेश गरेको एक–दुई हप्तापछि लक्षण देखिन्छ । ज्वरो आउने, पखाला लाग्ने, टाउको दुख्ने समस्या हुन्छ । बंगाराको मांसपेशी कडा हुने र मुख खोल्न तथा बन्द गर्न गाह्रो हुने, खाना खान, पेय पदार्थ पिउन गाह्रो हुने, पेट साह्रो हुने, शरीरको पछाडिको मांसपेशी खुम्चिने जस्ता समस्या देखिन्छन् । यसैगरी मांसपेशीमा पीडा बढ्दै जाने, श्वासप्रश्वास छिटोछिटो हुने तथा श्वास फेर्न अप्ठ्यारो हुने, धेरै पसिना आउने रक्तचाप बढ्ने जस्ता समस्या पनि टिटानसका लक्षण हुन् ।

### उपचार र रोकथाम

कुनै चीजले काट्यो वा चोटपटक लाग्यो भने घाउ राम्रोसँग डेटोल पानीले सफा र ब्यान्डेज लगाउने गर्नुपर्छ । यसलाई समय–समयमा सफा गरेर औषधि लगाउने गर्नुपर्छ ।

यदि घाउबाट टिटानस फैलिएको छ भने त्यो घाउलाई सफा गर्ने, घाउको संक्रमण रोक्नका लागि एन्टिबायोटिक औषधि लगाउने तथा मांसपेशीको दुखाइ कम गर्न आवश्यक औषधि खानुपर्छ । त्यस्तै टिटानसको एन्टिटक्सिन इन्जेक्सन लगाउने, यसले गर्दा शरीरभित्र ब्याक्टेरियाले पैदा गरेको विषादिलाई निष्फल बनाउन र मांसपेशीको कडापन र पीडा हटाउनु मद्दत गर्छ । बिरामीको अवस्था बिग्रिंदै गएको खण्डमा उपचार गर्न नसके बिरामीको मृत्यु समेत हुन सक्छ ।

टिटानसबाट बच्न बच्चालाई सानो छँदा दिनुपर्ने सम्पूर्ण खोप लगाउने, हरेक १० वर्षमा टिटानसको थप बुस्टर खोप लगाउने, गर्भवती महिलाले पनि टिटानसको खोप लगाएमा यी रोग लाग्न सम्भावना न्यून हुन्छ । तर हिजोआज टिटानसको खोप लगाउने चलन त्यति देखिंदैन । कुनै कीला वा खिया लागेका धारिलो वस्तुले चोट लगाएमा मात्रै खोप लगाउने गरेको पाइन्छ । टिटानसको जुनसुकै औषधि पसलमा पाइन्छ । टीटी खोप ५० रूपैयाँमा पाइन्छ भने हेमोग्लाबिन (एचबी)को खोप केही महंगो पर्न सक्छ ।

# वैशाख पहिलो साता राष्ट्रिय भिटामिन 'ए' अभियान

सरकारले बालबालिकालाई आगामी वर्ष वैशाख पहिलो साता राष्ट्रिय भिटामिन 'ए' अभियान कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

वैशाख ६ र ७ गते देशभरिका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन लागिएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिए । उनका अनुसार भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने छ ।

महाशाखाले प्रदेश र स्थानीय तहलाई राष्ट्रिय अभियान कार्यक्रम सफल बनाउन परिपत्र जारी गरेको छ । भिटामिन 'ए' करिब २७ लाख बालबालिका र जुकाको औषधि करिब २४ लाख बालबालिकालाई खुवाइने महाशाखाले जनाएको छ ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि खुवाउन थालेको हो । सरकारले प्रत्येक वर्ष वैशाख र कात्तिकमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई खुवाउने गरेको छ ।






# पालुङ क्याम्पसमा अन्तरक्रिया:'विद्यार्थी संख्या बढाउन केन्द्रित जुटौं'



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा रहेको पालुङ बहुमुखी क्याम्पसले क्याम्पसको स्रोत मावि र सहकारीका अध्यक्षहरूबीच अन्तरक्रिया कार्यक्रम गरेको छ । क्याम्पसमा ४ चैतमा भएको अन्तरक्रिया कार्यक्रममा क्याम्पस प्रमुख राजन मिश्रले पालुङ बहुमुखी क्याम्पसको विगत, वर्तमान र भावि कार्यदिशा सहितको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमाथि कार्यक्रममा उपस्थित स्थानीय सहकारीका अध्यक्षहरू तथा सहभागीहरूले राय तथा सुझाव दिएका थिए ।

पालुङ क्याम्पस क्याम्पस सञ्चालक समितिका अध्यक्ष विष्णु बहादुर विष्टको अध्यक्षतामा कार्यक्रम भएको हो । अन्तर क्रियामा अध्यक्ष विष्ट, उपाध्यक्ष सुरेन्द्रमान प्रधान र कोषाध्यक्ष विमल कुमार ढकालले कार्यक्रमको औचित्य र महत्वको बारेमा प्रष्ट्याएका थिए । पालुङ बहुउदेश्यिय सहकारी सस्थाका अध्यक्ष उमेश ढकालले कार्यपत्रले २०६० साल भन्दा अगाडिको ईतिहास नसमेटेको गुनासो गर्दै मकवानपुर बहुमुखी क्याम्पसको विस्तारित कार्यक्रम मार्फत तत्कालीन दामन पालुङमा उच्च शिक्षा प्रतिको चाहना शुरू भएको र उक्त समयमा शिक्षाप्रति माया र पसिना बगाउने व्यक्तित्वहरूको स्मरण गराए ।

नारायणी यातायात व्यावसायी संघको महासचिव तथा क्याम्पस सञ्चालक समितिका सदस्य सरोज कुमार खनालले पहिला जनकल्याण माविबाटै यस क्याम्पसको शुरूवात भएको बताउँदै मुख्य स्रोत मावि भएको बताए । खनालले जनकल्याण माविले क्याम्पसको विद्यार्थी सख्या बढाउन महत्वपुर्ण भुमिका निर्वाह गर्नु पर्नेमा जोड दिए । जनकल्याण व्यवस्थापन समिति अध्यक्ष राजिब कुमार स्याङ्तानले विद्यार्थी भर्ना बढाउनका लागि प्रत्येक स्रोत माविमा विविध कार्यक्रम गर्दै क्याम्पसले आफ्ना शैक्षिक गतिविधिको प्रचार प्रसार गर्नुपर्ने सुझाव दिए ।

सहयोगी बचत तथा ऋण सहकारी सस्थाका धर्म प्रधानले क्याम्पसको स्तरोन्नतीका निमित्त सहकारी मार्फत सामाजिक उत्तरदायित्व स्वरूप जे जति सहयोग गर्न पर्छ हिजोका दिनमा पनि गर्दै आईरहेको र आगामि दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरे । शिखर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मनोज रायमाझिले विद्यार्थी संख्या विद्यालय स्तरबाटै बढाउन सके क्याम्पस पढ्ने विद्यार्थी सख्या पनि बढ्ने बताए । अन्तरक्रियामा पाथिभरा बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष गोकर्ण बरूवाल, कुण्डलदेवी बहुउद्देश्यीय सहकारीका अध्यक्ष शिवकुमार खत्री र कालिदेवी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष नेमराज थिङले भौगौलिक विकटताले विहान क्याम्पस आउन यातायतको साधनको असुविधा भएको कारण विद्यार्थी बाध्य भएर काठमाडौ र हेटौडा जान परेकोले बताए ।

यसैबीच कार्यक्रमकै अवसर पारेर क्याम्पसको विधान बमोजिमको सहकारी संस्थाका अध्यक्षहरू मध्येबाट पालुङ बहुउदेश्यिय सहकारी सस्थाका अध्यक्ष उमेश ढकाललाई क्याम्पस सञ्चालक समितिका पदेन सदस्य र स्रोत माविका अध्यक्षहरू मध्येबाट जनकल्याण नमुना माविका अध्यक्ष राजिव कुमार स्याङ्तानलाई क्याम्पस सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको छ ।

# पालुङ क्याम्पसमा स्ववियु निर्विरोध, प्रमाण-पत्र प्रदान

◆ विकास संवाददाता



पालुङ बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि गठित निर्वाचन समितिले ५ चैत्रमा एक कार्यक्रम आयोजना गरी निर्विरोध रूपमा निर्वाचन सम्पन्न भएको घोषणा गरेको छ ।

निर्वाचन समितिले आगामी कार्यकालका लागि निर्वाचित स्ववियु पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नुका साथै पद तथा गोपनियताको सपथ समेत गराएको छ । पालुङ बहुमुखी क्याम्पसमा प्रत्यक्षतर्फ अध्यक्षमा पुस्कल श्रेष्ठ, सचिवमा दिलिप रूम्बा, कोषाध्यक्षमा आयाम नापित र सदस्यहरूमा मेनुका देउला, मोणिका खत्री र पुष्पा कार्की निर्विरोध निर्वाचित भएका छन् भने समानुपातिकतर्फ सविता केसी, रोशनी गोपाली, नविना अधिकारी, सुस्मिता श्रेष्ठ र पुष्पा पाख्रिन निर्वाचित भएका छन् । निर्वाचितहरूलाई क्याम्पस प्रमुख राजन मिश्रले प्रमाण(पत्र प्रदान गरेका थिए भने निर्वाचन अधिकृत कुमार नेगीले पद तथा गोपनियताको सपथ गराएका थिए ।

सो अवसरमा निर्वाचन समिति सदस्य हरिकृष्ण कार्की, क्याम्पस सञ्चालक समिति सदस्य मनोज अधिकारी, निवर्तमान स्ववियु सभापति मुकेश गोले लगायतले बधाइ मन्तव्य व्यक्त गरेका थिए ।

# मुक्तक संग्रह 'कठघरामा देश' विमोचन

◆ विकास संवाददाता



मुक्तककार बिर्खे अन्जानको मुक्तक संग्रह "कठघरामा देश" विमोचन भएको छ । मुक्तक मञ्च मकवानपुरको आयोजनामा ३ चैत्रमा साहित्य संगमको सभाहलमा मुक्तक संग्रह विमोचन गरिएको हो । मुक्तक वाचन नवौं शृंखला अन्तर्गत मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्ष तथा रौतहटका वरिष्ठ मुक्तककार हरिकृष्ण काफ्लेको प्रमुख आतिथ्यमा कृति विमोचन कार्यक्रम भएको हो ।

समीक्षक तथा मुक्तककार विश्वनाथ सञ्जेलले मुक्तककार बिर्खे अन्जान समालोचक र सर्जक भएर पाठकलाई हेर्नु जटिल विषय रहेको बताए । उनले बिर्खे अन्जानलाई विद्रोही चेत र भुइँमान्छेको विषयलाई उठान गर्ने मुक्तककारको रूपमा परिचित गराए । शल्यक्रिया पहिलो कृति भएपनि मुक्तक संग्रहमा कठघरामा देश पहिलो कृति भएको बताए ।

मानवीय कमजोरी, सामाजिक विकृति तथा विसङ्गती विरूद्ध मुक्तक लेख्ने बिर्खे अन्जान सशक्त मुक्तककार रहेको सञ्जेलले बताए । सागर तिमल्सिना, सुवास सजल लगायतले अन्जानका मुक्तक वाचन गरेका थिए । उनीहरूले विर्खे अन्जानको साहित्य यात्रा तथा साहित्यिक प्रकाशन कृति तथा रचनाको चर्चा गरेका थिए ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको पनि उपस्थिति रहेको थियो ।






# कर्मचारी युनियन थाहानगरको अध्यक्षमा जर्म श्रेष्ठ

◆ विकास संवाददाता

नेपाल विद्यालय कर्मचारी युनियन थाहानगर कमिटीको ३ चैत्रमा सम्पन्न अधिवेशनले जर्मलाल श्रेष्ठलाई सर्वसम्मत अध्यक्ष चुनेको छ। ११ सदस्यीय कमिटीको उपाध्यक्षमा रोजिना सापकोटा, सचिवमा पुरूषोत्तम गोपाली, कोषाध्यक्षमा राजाराम गोपाली, सह(सचिवमा रत्नमाया महर्जन चुनिएको निर्वाचन अधिकृत भूमिराज अवस्थीले जानकारी दिए।

कमिटीको सदस्यहरूमा रविन्द्र प्रसाद बिडारी, सञ्जिव बलामी, मङ्गलमाया बल, बाबुकाजी आलेमगर, भावना थापा, अञ्जु मोक्तान, सुनिता थिङ, राजेन्द्र अर्जेल चुनिएकाछन्। मधुसुदन रायमाझीको अध्यक्षतामा भएको अधिवेशनमा प्रमुख अतिथि थाहा नगर पालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले विद्यालयमा कार्यरत लेखापाल तथा कर्मचारीहरूको समस्यालाई अध्ययन गरि सम्बोधन गरिने बताए।

अधिवेशनमा निजी तथा आवासीय विद्यालय अर्गानाजेशन नेपाल (प्याब्सन) थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान,



एकीकृत नेपाल शिक्षक संगठन थाहानगर अध्यक्ष मनोज रायमाझी, नेपाल शिक्षक संगठन थाहानगर अध्यक्ष रूपचन्द्र गोपाली, नाटेश्वर माविका प्रधानाध्यापक धर्मेन्द्र अर्याल, नेपाल शिक्षक महासंघ थाहानगरका अध्यक्ष राजाराम कार्की, नेपाल विद्यालय कर्मचारी युनियनका केन्द्रीय सह–महासचिव अर्जुन थापा, अखिल नेपाल शिक्षक संघका केन्द्रीय अध्यक्ष सानोभाई कार्कीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# थाहानगरका पाँच अपाङ्ता भएका व्यक्तिलाई ह्विलचियर सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका क्षेत्रका पाँचजना अपाङ्गता भएकाहरूका लागि रोटरी क्लव अफ काठमाडौं वेस्टले ह्विल चेयर सहयोग गरेको छ। रोटरी क्लव अफ ताइवान र रोटरी क्लव अफ पोखराको सहयोगमा थाहानगरका ५ जना लाई व्यक्तिगत र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई दुई वटा ह्विल चेयर सहयोग गरेको हो।

रोटरी क्लव अफ काठमाडौं वेस्टले थाहा नगरपालिका वडा नम्बर १० का समर गमाल र भुकुमाया गमाल, ४ नम्बर वडाकी प्यारा अधिकारी, ५ नम्बर वडाकी विनिता भोम्जन र ७ नम्बर वडाकी पुष्पा कार्कीलाई ह्विलचियर हस्तान्तरण गरेको हो। दुई वटा ह्विल चियर पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका लागि डाक्टर शक्ति चौरासियालाई हस्तान्तरण गरिएको छ। थाहा नगरपालिकाको समन्वयमा भएको ह्विल चेयर वितरण कार्यक्रम थाहानगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा भएको थियो।

कार्यक्रममा रोटरी क्लव अफ काठमाडौं वेस्ट काठमाडौंका पास्ट



प्रेसिडेन्ट दिग्वीजय बिष्ट, पास्ट प्रेसिडेन्ट सारदाभक्त रन्जित, बिष्ट समाजका सुवासचन्द्र बिष्ट, अरूण बिष्ट, अपांग सरोकार समिति थाहा नगरका अध्यक्ष मनलाल गोपाली, थाहा नगरपालिका सामाजिक विकास अधिकृत अनिल लामिछाने, नारायणी यातायात व्यावसायी संघका महासचिव सरोज कुमार खनाल, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर शक्ति चौरासिया लगायतकाको उपस्थिती रहेको थियो।

# महालक्ष्मीको सामाजिक उत्तरदायित्वः ट्राफिक सचेतना र वित्तिय साक्षरता कार्यक्रम

◆ विकास संवाददाता

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा शाखा कार्यालय रही सेवा प्रदान गर्दै आइरहेको महालक्ष्मी विकास बैंकको आयोजनामा ट्राफिक सचेतना कार्यक्रम भएको छ। ट्राफिक चेतनाको अभावमा सडक दुर्घटना बढिरहेको सवाललाई मध्येनजर गर्दै संभावित दुर्घटना न्यूनीकरण गर्न महालक्ष्मी बैंकले थाहानगरमा सञ्चालन हुने तीन पाङ्ग्रे अटो चालकहरूको सहभागीतामा सचेतनामुलक कार्यक्रम गरेको हो। बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त कार्यक्रम गरेको बजनाएको छ।

दुर्घटना न्युनीकरणका लागि सचेतना कार्यक्रमको साथै उनीहरूलाई वित्तिय साक्षरता तालिम पनि दिइएको छ। सडक प्रयोगकर्ता सबैले जान्नु पर्ने ट्राफिक नियम, सडकमा अपनाउनुपर्ने सावधानी, दुर्घटना हुनसक्ने सम्भावित कारणलगायतका सडक पर्मिटको विषयमा चालकहरूलाई तालिम दिइएको हो। सहभागीहरूलाई ईलाका प्रहरी कार्यालय पालुङका ट्राफिक शाखामा कार्यरत ट्रूफिक प्रहरी कुमार मैनाली र ईलाका प्रहरी कार्यालय पालुङका प्रहरी सहायक निरीक्षक उमेश प्रसाद कोइरीले सहजीकरण गरेका थिए।

थाहानगरका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो। सो कार्यक्रममा उपप्रमुख गोपालीले प्रविधिको उच्चतम प्रयोग गर्न अझैं पनि शहर र शिक्षित क्षेत्रमा हिचकिचावट रहेको देखिएको बताउदै तलब बैंक खातामा जम्मा भए पनि एकैपटक रकम निकालेर खल्तीमा राख्ने बानी कर्मचारी वृत्तमा विद्यमान रहेको बताए। उनले सर्वसाधारण र बैंकबीचको कारोबार डिजिटल बैङ्किङ गर्नुपर्नेतर्फ इङ्कित गर्दै भने-'जबसम्म कर्मचारी नै नगदरहित कारोवार गर्न प्रेरित हुँदैनन् त्यति बेलासम्म वित्तीय साक्षर ताले सार्थकता नपाउने अवस्था रहेको हुँदा नगद रहित कारोबार गर्न पहिला कर्मचारीबाट नै सुरू हुनुपर्छ।' कार्यक्रम



महालक्ष्मी विकास बैंक पालुङ शाखाका प्रबन्धक नितेस राज पाण्डेको अध्यक्षतामा भएको थियो। कार्यक्रममा बैंकका कर्मचारी सरद हमालले कार्यक्रमको उद्देश्यका बारेका सहभागीहरूलाई जानकारी गराएका थिए।

कार्यक्रमको अवसरमा महालक्ष्मी विकास बैंक बागमती प्रदेश (ख) का प्रमुख शम्भु प्रसाद पराजुलीले नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई हरेक पालिकामा पुग्नुपर्ने नीति लिएपछि बैंकिङ पहुँच सर्वसाधारणसम्म सहज भएको बताए। पराजुलीले शतप्रतिशत वित्तीय पहुँच भने पुग्न नसकेको बताउँदे शहर केन्द्रित वित्तीय पहुँच संघीयता कार्यान्वयनसँगै गाउँबस्तीहरूमा पुगेको उल्लेख गरे। सामाजिक सुरक्षा भत्तादेखि कर्मचारीको तलब भत्तासम्म बैंकिङ प्रणालीमार्फत हुनु त्यसको सकारात्मक पक्ष भएको बताए। उनले वित्तीय पहुँचको विस्तारसँगै बैंक तथा वित्तीय संस्थाहरूको विस्तार भएको र जसले गर्दा अर्थतन्त्र चलायमान गराउन मद्दत गरेको मान्न सकिनेमा जोड दिए।

कार्यक्रममा महालक्ष्मी विकास बैंकका पालुङ शाखाका शाखा प्रबन्धक नितेशराज पाण्डेले स्थानीय निकायका जनप्रतिनिधिहरू मार्फत वित्तिय क्षेत्रका जानकारहरूको राय सल्लाह सुझावमा स्थानीयस्तरमा नै वित्तिय साक्षरतका कार्यक्रमहरू संचालन गरेमा प्रभावकारी हुने बताए। समुदायस्तरमा आयोजना गरिने वित्तिय साक्षरता कार्यक्रमले जनमानसमा सकारात्मक सन्देश जाने र समाजमा वित्तिय पहुँचमा उल्लेख्य वृद्धि हुने बताए।

कार्यक्रममा बजार व्यवस्थापन समिती शिखरकोटका अध्यक्ष मनोज रायमाझी, फरकसोचका संयोजक यादव जंग रायमाझी, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, वडा नम्बर ३ का सदस्य कृष्ण कुमार कार्की, ४ नम्बर वडाका सदस्य सुन्दरराज केसी, थाहानगर अटो व्यावसायी संघका सचिव किरण गोपाली, महालक्ष्मी विकास बैंक हेटौंडा शाखाका शाखा प्रबन्धक अनन्त राज धिताल, हेटौंडा शाखाका कर्मचारी रामेश्वर अर्याल, पालुङ शाखाका कर्मचारीहरू, नगर भित्रका बजार व्यवस्थापन समितिका पदाधिकारीहरू थाहानगर अटो व्यावसायी संघका पदाधिकारीहरू तथा नगरभित्र संचालनमा रहेको अटो चालकहरूको उपस्थिति रहेको थियो।

पालुङ शाखाका सुसान्त ढकालले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रममा वित्तीय कारोबारबारे चेतना जगाउने, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त र कमको उत्पादनमूलक लगानी जस्ता विषयमा जानकारी दिईएको थियो। सो अवसरमा पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरणजस्ता विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो।

# जातिय मुक्ती समाज थाहाको अध्यक्षमा खाती

◆ विकास संवाददाता

नेकपा एमाले निकट नेपाल उत्पीडित जातिय मुक्ती समाज थाहानगर कमिटीको अध्यक्षमा अशोक खाती निर्विरोध निर्वाचित भएकाछन्।

३ चैत्रमा थाहानगरको होटल गंगामा आयोजित नगर अधिवेशनले खातीको अध्यक्षतामा ११ सदस्यीय नगर कमिटी निर्विरोध निर्वाचित गरेको हो। कमिटीको उपाध्यक्षमा लक्ष्मी सुनार, सचिवमा सन्दिप सुनार, सहसचिवमा सुकमाया ल्वागुन र कोषाध्यक्षमा केदार परियार चयन हुनु भएको छ। कमिटीको सदस्यहरूमा सिताराम खाती, उर्मिला विश्वकर्मा, मिठु विश्वकर्मा, भक्ती परियार, सृजना रोक्का र रबि सुनार चयन भएका छन्। अधिवेशनको अवसरमा प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सदस्य खेम लोहनीले दलितहरूको मुक्ती र उन्नतिका लागि एमाले सरकार को आवश्यकता रहेको बताए।

गोबिन्द विश्वकर्माको अध्यक्षतामा भएको अधिवेशनमा नेपाल उत्पीडित जातिय मुक्ती समाजका केन्द्रीय सदस्य नारायण रिजाल, कमल कुमार विश्वकर्मा, एमाले जिल्ला सदस्य तथा थाहानगर सहइञ्चार्ज सुरेन्द्रमान प्रधानलगायतको उपस्थिती थियो।




समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

# दामनका मृगौलापीडित मानन्धरलाई संकलित रकम हस्तान्तरण

◆ विकास संवाददाता

मकवानपुरको दामनका मृगौलापीडित सप्तरत्न मानन्धरलाई फरकसोचले संकलन गरेको रकम ३ चैत्रमा हस्तान्तरण गरिएको छ । थाहा नगर पालिका ४ का मानन्धरलाई सोही वडाका वडाध्यक्ष नारायण लामाको उपस्थितीमा रकम हस्तान्तरण गरिएको हो ।

मकवानपुरको थाहा नगरपालिका, कैलाश गाउँपालिका तथा अन्य क्षेत्रका मनकारीहरूबाट संकलित १ लाख ९४ हजार ५सय ६२ रूपैया मानन्धरलाई हस्तान्तरण गरिएको फरकसोचका संयोजक यादवजंग रायमाभ्रीले जानकारी दिए ।

दामनमा स्थाई बसोबास गर्ने मानन्धरको दुबै मृगौलामा समस्या भई उपचार गर्न आर्थिक अभाव भएपछि परोपकारी समाज निर्माणको लक्ष्यमा निरन्तर क्रियाशील फरक सोच अभियानले सहयोग संकलन अभियान शुरू गरेको थियो । संकलित रकमहस्तान्तरण कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामा, नेकपा माओवादी केन्द्र थाहा नगर अध्यक्ष बिनोद लामा, नव जागृत पुस्तकालय शिखर कोटका अध्यक्ष सुमन बिष्ट, शिखर बचत तथा ऋृण सहकारी संस्थाकी जयन्ती रायमाभ्रीको उपस्थिती रहेको थियो ।




# राक्सिराङ गाउँपालिका: 'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार'

◆ विकास संवाददाता

आम नागरिकलाई सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यले मकवानपुरको राक्सिराङ गाउँपालिकाले घरघरमै पुगी घुम्ती शिविर सुरू गरेको छ । घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रूपमै भुक्तानीसम्मका सेवा सुरू गरिएको हो । 'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराका साथ गाउँपालिकाले २९ फागुनमा ४ नम्बर वडाबाट एकीकृत घुम्ती सेवाको सुरूवात गरिएको हो ।

४ नम्बर वडा कार्यालयमा पुगी २९ फागुनमा एमबिबिएस डाक्टरसहितको स्वास्थ्य सेवा र निःशुल्क औषधि वितरण गरिएको थियो । स्थानीयलाई तरकारीका बिउ वितरण, पशुका रोगविरूद्धको औषधिसमेत निःशुल्क वितरण पनि एकीकृत घुम्ती शिविरमा गरिएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारीको टोलीले गाउँघरमै पुगी घुम्ती शिविरमार्फत सेवा प्रदान गरेका हुन् । ज्येष्ठ नागरिक तथा अशक्त तथा हिँड्न नसक्ने बिरामीहरूको घरघरमै पुगी स्वास्थ्य जाँच र निशुल्क औषधिकोसमेत व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । खरको छानोमुक्त अभियान सञ्चालन गरेको गाउँपालिकाले खरको छाना भएका परिवारलाई घरमै पुगी जस्तापातासमेत वितरण गरेको थियो । एकै दिनमा ६ परिवारलाई घरघरमै जस्तापाता वितरण गरिएको मल्लले बताए ।

एकीकृत शिविरमै व्यवसाय दर्ता, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, गरिब घरपरिवार परिचयपत्र वितरणसमेत गरिएको थियो । ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सम्मान गर्ने उद्देश्यले जनप्रतिनिधि र कर्मचारीहरू घरघरमै पुगी पोषिलो आहार तथा उपयोगी सामाग्रीहरूसमेत हस्तान्तरण गरेका थिए । २९ फागुनको एकीकृत शिविरमा २ सय १९ जनाको निःशुल्क स्वास्थ्य जाँच गरी औषधि वितरण गरिएको थियो भने २ सय ४ जनाले आयुर्वेद सेवाकासाथै औषधि प्राप्त गरेको राक्सिराङ अस्पतालका सिनियर अहेब यमप्रसाद गौतमले जानकारी दिए । शिविरमा गर्भवतीलाई भिडियो एक्सरेका साथै पोषिलो पीठो वितरणसमेत गरिएको थियो । ११ जना गर्भवतीले उक्त सेवा लिएका थिए । ५ जना महिलालाई परिवार नियोजनको अस्थायी साधन आयुसिडी र इम्प्लान्ट लगाइएको थियो ।

कृषि र पशुतर्फ २ सयबढि परिवारले सेवा लिएका थिए । पशु सेवातर्फ गाई, भैंसी, बाख्रा कुखुराका औषधिहरू र कृषितर्फ ७ थरीका तरकारीका बिउहरू निःशुल्क वितरण गरिएको गाउँपालिकाका कृषि शाखाका प्राविधिक सहायक कृष्ण डुम्रेले बताए । एकीकृत शिविरअन्तर्गत नै ४ नम्बर श्री आधारभूत विद्यालयको घेराबार तथा तारजाली योजनाको अनुगमन गरी स्थलगत रूपमै भुक्तानी दिइएको थियो । २९ फागुनमै नै ४ नम्बर वडाका विभिन्न विद्यालयको अनुगमनसमेत गरिएको उपाध्यक्ष वनस्तम थिङले बताए । गाउँपालिकाले चैत ६ गते ९ नम्बर वडा कार्यालय डन्टार, ६, ७ र ८ नम्बर वडाका लागि राक्सिराङ ७ स्थित जुरेथुममा चैत १४ गते र चैत २२ गते वडा नम्बर १ र २ का लागि राक्सिराङ १ दुङ्गुमा एकीकृत शिविरको आयोजना गर्ने कार्यक्रम राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए ।

आगलागीबाट सावधानी अपनाऔं ।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यस्तै , सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी